गौमुल गाउँपलिका

# स्थानीय राजपत्र

गौमुल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः२ मितिः २०८०/१०/७

## भाग-२

## गौमुल गाउँपालिका

# सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०७९

**प्रस्तावना**

नेपालको संविधानको धारा ३० उपधारा १ मा "प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ, धारा ३५ उपधारा ४ मा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भनी उल्लेख हुनुको साथै संयुक्त राष्ट्र संघले पारित गरेको दीगो विकास लक्ष्य अन्तर्गत स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने उद्देश्य प्रति नेपाल सरकारले पनि प्रतिबद्धता जाहेर गर्दै उक्त लक्ष्य पूरा गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएकोमा हालको राज्य पुनर्संरचना अनुसार सेवाप्रदायकले बितरण गर्ने खानेपानी गुणस्तर सुनिश्चित गर्न सहयोग र सहजीकरण गर्न महत्वपूर्ण जिम्मेवारी स्थानीय सरकारहरुको रहे अनुरूप सरसफाइ गुरुयोजना, पूर्ण सरसफाइ मार्गदर्शन, खानेपानी र सरसफाइ सम्बन्धी संवैधानिक व्यवस्था आदिले स्वच्छ खानेपानी तथा सरसफाइमा नीतिगत एवं नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको सन्दर्भमा स्वच्छ खानेपानीको उपलब्धता अपरिहार्य सावित भएको तथ्यलाई आत्मसात् गर्दै यस नगर कार्यपालिकाको क्षेत्र भित्र रहेका सम्पूर्ण जनसंख्यामा स्वच्छ खानेपानीको सुविधा विस्तार गर्न सम्पूर्ण वडा कार्यालहरु, राजनैतिक दलहरु, समाजसेवीहरु, अग्रजहरु, संघ संस्थाहरु, महिला तथा बालबालिका समूहहरु, लघुवित्त वित्तिय संस्थाहरु, विद्यालयहरु, नगर कार्यपालिकाका विभिन्न निकायहरु तथा व्यापारिक प्रतिष्ठानहरुलाई पनि यो लक्ष्य प्राप्तिकालागि हातेमालो गराउँदै "सुरक्षित खानेपानीयुक्त समुदाय" बनाउने अवधारणा कार्यान्वयन गर्नका लागि सुरक्षित खानेपानीयुक्त समुदायका न्यूनतम आधारहरू व्याख्या गर्न, सुरक्षित खानेपानीयुक्त समुदाय बन्ने विधि र यसका आधारहरुका बारे वर्णन गर्न, सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थीर भए नभएको लेखाजोखा गर्न र यसको नियमित अनुगमन गर्न स्थानीय तहमा अनुगमन प्रणालीलाई संस्थागत गरी प्रमाणीकरण प्रकृयालाई बैज्ञानिक तथा विश्वसनीय बनाउनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधीनमा रही, गौमुल गाउँपालिका खानेपानी तथा सरसफाइ ऐन, २०७९ गौमुल गाउँपालिका खानेपानी तथा सरसफाइ नियमावली २०७९, बमोजिम गौमुल गाउँपालिकाले यो निर्देशिका बनाएको छ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा प्रयोग गरिएका संक्षिप्त शब्दहरु र परिभाषाहरु देहायबमोजिम हुनेछन्ः-

(१) "ऐन" भन्नाले गौमुल गाउँपालिका खानेपानी तथा सरसफाइ ऐन, २०७९ सम्झनुपर्दछ।

(२) "नियमावली" भन्नाले गौमुल गाउँपालिका खानेपानी तथा सरसफाइ नियमावली २०७९ सम्झनुपर्दछ।

(३) "गाउँपालिका" भन्नाले गौमुल गाउँपालिकालाई सम्झनुपर्दछ।

(४) "खानेपानी सुरक्षा योजना" (खापासुयो) भन्नाले खानेपानीको श्रोत देखि उपभोक्तासम्मकै विभिन्न श्रृंखलामा खानेपानीको गुणस्तर सुधार गर्ने\सुनिश्चित गर्ने कार्यको लागि अपनाइने व्यवस्थित पद्धतिलाई बुझाउँदछ । जोखिम व्यवस्थापनका सिद्धान्तमा आधारित खापासुयो सबै खानेपानी प्रणालीमा (चालु अवस्थामा भइरहेको, नयाँ निर्माण हुने र पुनःनिर्माण वा पुनः स्थापना हुने प्रणालीहरुमा) लागू गरी खानेपानी आपूर्ति सेवालाई जलवायु परिवर्तन तथा विपद्का प्रकोपको सन्दर्भमा उत्थानशील र दिगो बनाउन सकिन्छ ।

(५) "नियन्त्रण–उपाय" (control Measures) भन्नाले खानेपानीको गुणस्तर खस्कन नपाओस् वा खानेपानी प्रदूषण नहोस् भन्ने उद्देश्यले गरिने कुनै पनि क्रियाकलाप (या तगारो) लाई नियन्त्रण–उपाय भनिन्छ । सो शब्दले निर्माण गरिएका भौतिक संरचनाहरू र लागू गरिएका नियम, आदेश वा निषेधाज्ञाहरुलाई समेत बुझाउँदछ ।

(६) "संचालन–अनुगमन" (Operational Monitoring) भन्नाले नियन्त्रण–उपायहरुले प्रभावकारी रुपमा काम गरिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्न र गरेका छैनन् भने पनि समयमै आवश्यक सुधारका पाइला चाल्नका निम्ति गरिने अनुगमन कार्यलाई बुझाउँदछ ।

(७) "परिपालना–अनुगमन" (Compliance Monitoring) भन्नाले सेवा–प्रदायकद्वारा संचालन–संभार गरिएका खानेपानी प्रणालीबाट वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार छ कि छैन भनी गरिने अनुगमन कार्यलाई बुझाउँदछ ।

(८) "गुणस्तर निगरानी" (Water Quality Surveillance) भन्नाले सेवा प्रदायकद्वारा वितरित पानी आम जन स्वास्थ्यको दृष्टिकोणले जोखिमरहित, ग्राह्य र सुरक्षित छ या छैन भनी स्वतन्त्र रुपमा गरिने लेखाजोखालाई बुझाउँदछ।

(९) "स्वच्छ र सुरक्षित खानेपानी" भन्नाले विशेष गरी स्वास्थलाई प्रत्यक्ष असर गर्ने हानीकारक तत्व जस्तै इ–कोली र आर्सेनिक का सघनन् मापदण्ड भित्र भएका खानेपानीलाई बुझाउँदछ।

(१०) "खानेपानी सेवा प्रदायक" भन्नाले आम उपभोक्ता\जनताका लागि सुरक्षित खानेपानी उत्पादन, वितरण (आपूर्ति) मा संलग्न रहने संस्थाहरु जस्तैः खानेपानी व्यवस्थापन वोर्डहरु, नेपाल खानेपानी संस्थान, प्रशोधित पानी उत्पादक र वितरक कम्पनीहरु तथा खानेपानी उपभोक्ता संस्थाहरु सम्झनु पर्दछ ।

(११) "सुरक्षित खानेपानी सेवा" भन्नाले देहायका देहायका अवस्था विद्यमान भएका खानेपानी प्रणालीद्वारा वितरित खानेपानी सेवालाई सुरक्षित खानेपानी सेवा भनेर बुझ्नुपर्दछ।

(क) आधारभूत खानेपानी सेवाको दुरीभित्र रहेको,

(ख) राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारको गुणस्तर कायम भएको (निर्माण÷पुनर्निर्माण गरेपछि पानीको मुहानबाट संकलित नमूनामा, स्वास्थ्यलाई

हानीकारक सूक्ष्म जीवाणु (इ. कोली) र आर्सेनिक, फलाम, धमिलोपन जस्ता प्रदुषणहरु परीक्षण गर्दा),

(ग) खानेपानी सुरक्षा योजना कार्यान्वयनमा सबै चरणहरु पूरा भई कम्तीमा पनि १ पटक अडिट भई अद्यावधिक रहेको ।

**स्पष्टिकरणः** खानेपानी सेवाको दुरी भन्नाले सुधारिएको खानेपानीको स्रोतबाट पानी लिन जाँदा, पानी भर्न लाममा बस्दा र पानी भरेर घर फर्कंदा कुल समय ३० मिनेटमात्र लाग्ने दूरीलाई बुझ्नुपर्दछ।

(१२) "सुरक्षित खानेपानीयुक्त समुदाय" भन्नाले पानी संकलन गर्न ३० मिनेट भन्दा कम समय लाग्ने सामुदायिक धारा समेतका वा आफ्नै घरआँगनमा जडिएका धारामार्फत् जुनसुकै बेला स्वच्छ र सुरक्षित खानेपानीको सुविधा प्राप्त गरिरहेका समुदाय वा बस्तीहरुलाई बुझ्नुपर्दछ । पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (इनार, कुवा, ट्युबवेल आदि)बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानी उपभोग गर्ने गरेका वासिन्दा भएका बस्तीलाई पनि सुरक्षित खानेपानीयुक्त समुदाय मान्न सकिन्छ ।

## परिच्छेद -२

## सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाका लागि आधार, सूचक एवम् विधि

३. **खुला दिसामुक्त घोषणा भएको हुनुपर्नेः** सुरक्षित खानेपानीयुक्त समुदाय अनिवार्य रुपमा खुला दिसामुक्त घोषणा भई १००% खुला दिसामुक्त अवस्थामा रहेको समुदाय हुनुपर्नेछ । यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत् खानेपानीलाई सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु (Control Measures) प्रयोग गरेको हुनुपर्दछ।

४. **स्वतन्त्र तवरले प्रमाणीकरण भएको हुनुपर्नेः** खुला दिसा मुक्त घोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदाय पनि स्वतन्त्र तवरले प्रमाणीकरण गरिएको हुनु पर्नेछ ।

५. **सुरक्षित खानेपानी सेवाका सूचकहरूः** (१) देहायका सूचकका आधारमा स्थानीय स्तरमा मापन गरी सो समुदायमा सुरक्षित खानेपानीका सूचकरहरू विद्यमान रहे नरहेको सुनिश्चित गर्न सकिनेछ ।

(क) समुदायका सबै घरधुरीहरुमा मिटर सहित "एक घर एक धारा" जडान भई उचित रुपमा व्यवस्थापन भएको वा आधारभुत खानेपानी सेवा (सुधारिएको खानेपानीको स्रोत ३० मिनेट पानी लिन जाँदा, पानी भर्न लाइनमा बस्दा र पानी भरेर घर फर्कंदा लाग्ने कुल समय) को दुरी भित्र रहेको,

(ख) निर्माण वा पुनर्निर्माण गरेपछि पानीको मुहानबाट संकलित नमूनामा कम्तीमा देहायका पारामितिको परीक्षण गर्दा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारको गुणस्तर कायम भएको,

(१) इ. कोली,
(२) आर्सेनिक (जोखिम भएका क्षेत्रमा)
(३) फ्लोराइड (जोखिम भएका क्षेत्रमा)
(४) धमिलोपन
(५) फलाम (जोखिम भएका क्षेत्रमा)

(ग) खानेपानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयनमा रहेको हुनु पर्ने ।

६. **सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय मान्न सकिनेः** खानेपानी सुरक्षा योजना लागु गरेका, स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध हुने सबै बिन्दुमा आपतकालीन भण्डारण प्रणाली भएका, खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण संरचनाहरु बाढी वा खडेरी जस्ता खानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेका दफा ७ बमोजिमका सूचकहरू पूरा गरेका समुदायलाई सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय मान्न सकिनेछ।

७. **सुरक्षित र पर्याप्त खानेपानी सेवाका सूचकहरूः** सुरक्षित खानेपानीयुक्त समुदायका सम्पूर्ण सूचकका साथै तपसिलका सूचकहरु पूरा भएका समुदायलाई सुरक्षित र पर्याप्त खानेपानीयुक्त समुदायको रूपमा घोषणा गर्न सकिनेछः

(क) खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण संरचनाहरु बाढी, खडेरी वा यस्तै अन्य खानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेको हुनु पर्नेछ (जस्तै खानेपानी उपलब्ध हुने सबै बिन्दुमा आपतकालीन भण्डारणको ब्यवस्था हुनु पर्ने छ।)

(ख) समुदायका सबै घरधुरीहरुमा मिटर सहित "एक घर एक धारा" जडान भई उचित रुपमा ब्यवस्थापन भएको हुनु पर्ने छ ।

(ग) समुदायका सबै घरधुरीहरुमा न्यायोचित रुपले पर्याप्त खानेपानीको आपुर्ति भएको तथा जनगुनासो रहित हुनु पर्नेछ ।

८. **सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाका लागि न्यूनतम् आधारहरूः**

(१) देहायका न्यूनतम आधारहरु पुरा गरेको समुदाय सुरक्षित खानेपानीयुक्त समुदाय ठहरिनेछ ।

(क) समुदाय अनिवार्य रुपमा खुला दिसामुक्त घोषणा भइ सो कायमै रहेको हुनु पर्ने।

(ख)  समुदायका सबै घरधुरीहरुले सुधारिएको पानीको श्रोतबाट  खानेपानी प्रयोग गरिरहेका वा खानेपानी घरायसी रुपमा नियमित शुद्धिकरण गरी प्रयोग गर्ने गरेको हुनु पर्ने।

(ग)खानेपानीका लागि प्रयोग भई रहेका सबै स्रोत–क्षेत्रहरु जनावर तथा मानव मलमूत्रबाट हुने प्रदूषण लगायतका जनावर तथा मानवीय क्रियाकलापहरू रोक्न बारबन्देज गरि संरक्षण गरिएको ।

(घ)  समुदायका प्रत्येक घरधुरीहरुमा मिटर सहितको 'एक घर एक धारा' जडान भएको वा सामुदायिक धारा भए  बढिमा ३० मिनेटको दुरीमा रहेको ।

(ङ)खानेपानी उपभोक्ता समिति सकृय भई आयोजनाको सञ्चालन र व्यवस्थापनका लागि प्रभावकारी प्रणाली भएको।

(च)  विद्यालय र स्वास्थ्य चौकीहरुमा पनि खानेपानी जडान भएको

(छ)  जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने तथा मर्यादित  महिनावारी स्वच्छता व्यवस्थापन समूह सहितको स्वच्छता प्रवर्धन भएको हुनु पर्ने छ।

(ज)  खेर गएको पानीको उचित व्यवस्थापन (करेसाबारी वा सोकपिटमा) गरिएको ।

(झ)  उपभोक्ताहरुको सुरक्षित खानेपानी प्रतिको विश्वसनीयता कायम भएको, ९५ प्रतिशत घरपरिवारले धाराको पानी सिधै पिउनको लागि प्रयोग गरेको ।

(ञ)  उपयुक्त खानेपानीले निम्न गुणस्तर मापदण्ड पुरा गरेको हुनु पर्दछ ।

(अ) इ. कोली नामक जीवाणुको संक्रमण नभएको,

(आ) आर्सेनिक (जोखिम भएका क्षेत्रमा)

(इ) फ्लोराइड (जोखिम भएका क्षेत्रमा)

(ई) धमिलोपन

(उ) फलाम (जोखिम भएका क्षेत्रमा)

(ट)खानेपानी आयोजनाको दीगोपनाको जाँच भएको तथा समुदाय आधारित खानेपानी गुणस्तर अनुगमन प्रणाली (समुदायबाट नै घोषणा) स्थापना भएको हुनु पर्ने छ ।

(ठ)स्वास्थ्य निकायबाट खानेपानी सुरक्षा योजना र पानीको गुणस्तर प्रमाणीकरण गरिएको ।

(ड)झाडापखालाको प्रकोप २ प्रतिशत भन्दा बढि नभएको ।

(ढ)झाडापखालाको कारणले पांच वर्ष मुनिका कुनै पनि वालबालिकाको मृत्यू नभएको।

(ण)  झाडापखालाको कारण बारे स्वास्थ्य संस्था संगको समन्वयमा विश्लेषण गरिएको ।

## ९. सुरक्षित खानेपानीयुक्त समुदाय बनाउने विधिः

(१) स्वच्छ खानेपानीयुक्त समुदाय विकासका लागि देहायका मापदण्डका आधारमा खानेपानी आयोजना तथा समुदायको छनौट गर्नु पर्दछः-

(क) खुल्ला दिसामुक्त घोषित क्षेत्र भएको,

(ख) खानेपानी उपभोक्ता समिति सकृय भएको,

(ग) सुरक्षित खानेपानीको श्रोत रहेको तथा बाह्य जोखिम न्युन रहेको खानेपानी आयोजना भएको,

(घ) खानेपानी आयोजना निर्माण भई समुदायलाई हस्तान्तरण भएको तथा राम्ररी संचालनमा रहेको

(ङ) समुदायका सबै घरधुरीहरु, विद्यालय र स्वास्थ्य संस्थाहरुमा उपलब्ध भएसम्म मिटर सहित धारा जडान भएका वा जडान गर्न सकिने,

(च) खानेपानी आयोजनाको सञ्चालन र व्यवस्थापन प्रणाली (सकृय समिति, मर्मत संभार कार्यकर्ता, मर्मत संभार कोष, औजार आदिको ब्यवस्था भएको) प्रभावकारी रहेको,

(छ) परीक्षण गर्दा खानेपानी गुणस्तर राम्रो रहेको तथा पानीको गुणस्तर सुधार गर्न समुदाय तथा उपभोक्ता समिति इच्छुक रहेको,

(२) अन्य आधारहरु स्थानीय खानेपानी प्रणाली र तिनका ब्यबस्थापन–मोडेलहरुमा आधारित भई स्थानीय योजनाहरुद्वारा परिभाषित गरी थप गर्न सकिनेछ।

**१०. समुदायको अगुवाइमा खानेपानी सुरक्षा योजना लागु गर्नुपर्नेः**

(१) दफा ९(१) का मापदण्डका आधारमा गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले छनौट गरेका खानेपानी तथा सरसफाइ योजना वा समुदायहरुमा विश्व स्वास्थ्य संगठनद्वारा निर्देशिका अनुरुप पानीको गुणस्तरमा सुधार गर्नका लागि पानी सुरक्षासंग सम्बन्धित जोखिमहरुको विश्लेषण र ब्यबस्थापन गर्न सहयोग गर्ने गरी खानेपानी सुरक्षा योजना लागु गर्नुपर्दछ।

(२) प्रदूषणका जोखिमहरु पहिचान गरी तिनीहरुको ब्यबस्थापनका लागि गरिने विभिन्न नियन्त्रणका उपायहरुले पानीको स्रोत वरपरको क्षेत्र, पानीको मुहान, पानी ओसार्दा र घरधुरी तहमा प्रयोग हुने तगाराहरु पनि समेट्नुपर्दछ।

(३) "समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रम" पद्दति अवलम्बन गर्नुपर्नेछ।

(४) स्वच्छ खानेपानी सेवाको सुधार तथा दिगोपनका लागि गरिने कार्यहरुका सिलसिलामा, समुदायको आफ्नो क्षमता भन्दा बढी लगानी र प्रयासको आवश्यकता पर्न सक्ने भएकोले समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रमलाई गाउँपालिका स्तरका अधिकारीको पूर्वाधार स्तरोन्नती गर्ने योजना तर्जूमा कार्यमा सहायकसिद्ध हुने औजारको रुपमा प्रयोग गर्नुपर्दछ ।

(५) समुदायको प्रत्येक घरधुरीले तोकिएको पानीको मात्रा पाए नपाएको आँकलन गर्ने र नपाएको अवस्थामा आवश्यकता अनुसार थप आपूर्ति गर्नुपर्दछ।

११. **पूर्ण सरसफाइ सम्बन्धी उपलब्धीहरु प्राप्त गर्न उन्मुख हुनुपर्नेः** (१) समुदायलाई खुला दिसामुक्त अवस्थामा पुऱ्याइ सो अवस्था कायमै राखि स्वच्छ खानेपानी वितरण गर्ने र स्वच्छ खानेपानीयुक्त समुदाय निर्माणको लागि कार्यक्रम तर्जुमा गरी पूर्ण सरसफाइ सम्बन्धी उपलब्धीहरु प्राप्त गर्न प्रेरित गर्नुपर्दछ।

(२) यस चरणमा मुख्यतया निम्न कार्यहरु गर्नु पर्दछः-

(क) छनौट भएका खानेपानी आयोजनाका उपभोक्ता समितिका पदाधिकारी तथा समुदायलाई खानेपानी सुरक्षा योजना, खानेपानी खायोजनाको सुचारुपना र खानेपानी गुणस्तर बारे सचेत पार्ने र खानेपानी सुरक्षा टोली गठन गर्ने ।

(ख) खानेपानी सुरक्षा टोली तथा पदाधिकारीहरुलाई खानेपानी सुरक्षा योजना सम्बन्धी तालिम प्रदान गर्ने, आयोजनाको विश्लेषण गर्ने, जोखिमहरुको पहिचान गरी सुधार योजना तर्जुमा गर्ने ।

(ग) यसरी तर्जुमा भएका खानेपानी सुरक्षा योजना उपभोक्ता समिति तथा समुदायमा छलफल गरी प्रमाणीकरण समिति, वडा तथा गाउँपालिकामा पेश गर्ने ।

(घ) खानेपानी सुरक्षा योजनाले निर्दिष्ट गरेका सुधार कार्यहरु समुदायको नेतृत्वमा सम्बन्धीत वडा, पालिका तथा अन्य विकास साझेदार निकायहरुसंग समन्वय तथा सहकार्य गरी खानेपानी आयोजनाको भौतिक अवस्था सुधारका कार्य र जोखिम न्यूनीकरणका कार्यहरु गर्ने ।

(ङ) खानेपानी आयोजनाको भौतिक अवस्था सुधार तथा विस्तार गर्दा समुदायका सबै घरधुरीहरु, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सकभर मिटर सहित धारा जडान गर्ने ।

(च) खानेपानी आयोजनाको सञ्चालन र व्यवस्थापन प्रणाली लाई प्रभावकारी बनाउने (सकृय समिति, मर्मत संभार कार्यकर्ता, मर्मत संभार कोष, औजार आदिको ब्यवस्था भएको),

(छ) खनेपानी उपभोक्ता समितिको नेतृत्वमा समुदाय स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सचेतना अभिबृद्धि गर्ने ।

(ज) समुदायमा खेर गएको पानीको उचित व्यवस्थापन (करेसाबारी वा सोकपिटमा) गर्ने गराउने ।

(झ) खानेपानीको गुणस्तर परिक्षण तथा सुधारका लागि प्राविधिक टोली, प्राविधिक तालिम तथा औजारको ब्यवस्था गर्ने

१२. **स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापनाः** (१) स्थानीय तहले देहायको कुराहरुको ब्यवस्थापन सुनिश्चित गरी खानेपानी सुरक्षा योजना, खानेपानी गुणस्तर जाँच, सुरक्षित खानेपानीयुक्त समुदायको अवधारणा सहितको स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापना गर्नुपर्दछः

(क) खानेपानी गुणस्तर जाँच शाखा\उपशाखा स्थापना गर्ने,

(ख) कर्मचारीको ब्यवस्था तथा प्राविधिक तालिम प्रदान गर्ने,

(ग) खानेपानी गुणस्तर जाँचको किट तथा आवश्यक सामग्रीको व्यवस्था गर्ने,

(घ) पालिका क्षेत्र भित्रको खानेपानी परिक्षण कार्य योजना बनाई नियमित रुपमा परिक्षण तथा सुधार कार्यमा प्राविधिक सेवा प्रदान गर्ने,

(ङ) स्थानीय आवश्यकता तथा मागको आधारमा खानेपानी परिक्षण कार्यको पालिकाले शुल्क तोक्न सक्ने छ ।

(च) खानेपानी परिक्षण प्रतिवेदन तयार गरी पालिकामा रेकर्ड राख्ने, सम्बन्धित पक्षलाई प्रतिवेदन दिने तथा प्रदेश र संघीय सकारलाई समेत प्रतिवेदन पठाउने।

१३. **उपभोक्ता समुदाय र सरकारबीच दिगोपनाको आधार सुनिश्चित गर्नेः** (१) स्वच्छ खानेपानीयुक्त समुदाय उन्मुख खानेपानी आयोजनाको स्वामित्व ग्रहण, दीगो व्यवस्थापन र सञ्चालन गर्न सम्बन्धित निकायको भूमिका र जिम्मेवारी उल्लेख गरी उपभोक्ता समिति, सेवा प्रदायक र गाउँपालिकाबीच अनुसूची १ बमोजिमको दुई पक्षीय सम्झौता भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) अनुसार गरिने सम्झौतामा सम्बन्धित वडाका वडा अध्यक्ष, सहयोगी संस्था र निकायका प्रतिनिधिहरुलाई साक्षीका रुपमा राख्न सकिनेछ ।

१४. **सुरक्षित खानेपानीयुक्त समुदायको प्रमाणीकरण विधिः**

(१) **समुदायको स्व-घोषणाः** सुरक्षित खानेपानीयुक्त समुदायको प्रमाणीकरणको पहिलो चरणको प्रकृया अन्तरगत स्व-घोषणापूर्व समुदायले देहायबमोजिमका प्रकृया पुरा गर्नुपर्नेछ।

(क) ग्रामीण मर्मत सम्भारकर्ता र खानेपानी उपभोक्ता समितिद्धारा खानेपानीको गुणस्तर फिल्ड टेस्ट किटको प्रयोग गरी परीक्षण गरिनुपर्छ ।

(ख) समुदायले त्यस क्षेत्रमा खानेपानी सुरक्षा योजना, दीगोपनाको आधारको रुपमा sustainability compact (सम्झौता पत्र र MoU), खुल्ला दिसामुक्त क्षेत्र घोषणा र ग्रामीण मर्मत सम्भारकर्ताको सुनिश्चितता गर्नुपर्छ ।

(ग) खानेपानी उपभोक्ता समितिले खानेपानी आयोजनाको भौतिक अवस्था, खानेपानीको गुणस्तर र आयोजनाको दीगो संचालन तथा ब्यवस्थापन पक्षको यथार्थ प्रतिवेदन तर्जुमा गरी सम्बन्धित वडा कार्यालय मार्फत पालिकामा स्वतन्त्र अनुगमनका लागि अनुरोध गर्नु पर्दछ ।

(२) **स्वतन्त्र रुपमा गरिने खानेपानी गुणस्तरको अनुगमनः** उपदफा (१) (ग) बमोजिम अनुरोध प्राप्त भएमा, खानेपानीको गुणस्तरको जाँच गर्न र खानेपानी आयोजनाको प्राविधिक तथा ब्यवस्थापन पक्षको स्वतन्त्र अनुगमनका लागि गाउँपालिका वा गाउँपालिकाबाट दक्ष प्राविधिक सम्मिलित देहाय बमोजिमको एक स्वतन्त्र अनुगमन टोली खटाइने छ।

(क)पालिका उपाध्यक्ष वा कार्यपालिका सदस्य, एक जना संयोजक

(ख) खानेपानी तथा सरसफाई क्षेत्रका प्राविधिक, एक जना सदस्य

(ग) गाउँपालिका वा खानेपानी तथा सरसफाई कार्यालय वा प्रयोगशालाका प्राविधिकमध्येबाट, खानेपानी गुणस्तर परीक्षण गर्न सक्ने ब्यक्ति एक जना सदस्य

(घ) गाउँपालिकाको स्वास्थ्य शाखाका प्राविधिक कर्मचारी, एक जना सदस्य

(ङ) खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत सरकारी वा गैर सरकारी निकायका प्रतिनिधि, एक जना सदस्य

(३) उपदफा (२) बमोजिम खटाईएको अनुगमन टोलीले खानेपानीको गुणस्तर, आयोजनाको प्राविधिक पक्ष तथा दीगो संचालन र ब्यवस्थापन पक्षको संयुक्त रुपमा अनुगमन गरी पालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम गरिएको खानेपानीको गुणस्तर परीक्षणको नतिजामा ई.कोलीको संख्या १CFU/१०० मि. लि. भन्दा कम र आर्सेनिकको अधिकतम् सघनन् सीमा ०.०५ मि.ग्रा./लिटर (राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, सन् २००५) भएको हुनुपर्दछ ।

(५) सम्पूर्ण खानेपानी आयोजनामा खानेपानी उपभोक्ता समिति \सेवा प्रदायक, खानेपानी सुरक्षा आयोजना टोली, गाउँपालिका, खानेपानी तथा सरसफाइ डिभिजनरआयोजना कार्यालय, युनिसेफ, विश्व स्वास्थ्य संगठन र खानेपानी तथा सरसफाइ क्षेत्रका अन्य साझेदारहरु सँग समन्वय गरी अनुगमन गर्नुपर्दछ ।

(६) **खानेपानी गुणस्तर अनुगमनको रिपोर्टको तयारीः** स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले सम्पूर्ण खानेपानी आयोजनको अनुगमन र अवलोकनको क्रममा खानेपानी गुणस्तर जाँचको प्रतिवेदन कुल प्लेट काउन्ट\गणना प्रमाण सहित तयार गरी गाउँपालिकामा यथाशिघ्र पेश गर्नु पर्दछ ।

(७) **गाउँपालिकाबाट प्रतिवेदनको स्वीकृतिः** उपदफा (६) बमोजिम गाउँपालिकाबाट स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले परीक्षण गरेको खानेपानी गुणस्तर जाँचको नतिजा तथा आयोजनाको सुचारुपना र दीगो ब्यवस्थापन सम्बन्धी प्रतिवेदनलाई स्वीकृती र प्रमाणीकरण गर्नुपर्दछ । यसरी गरिएको प्रमाणीकरणबारे सम्बन्धित वडा मार्फत खानेपानी उपभोक्ता समिति एवम् सेवा प्रदायकलाई जानकारी गराउनु पर्नेछ ।

१५. **औपचारिक घोषणाः** (१) गाउँपालिकाबाट खानेपानी गुणस्तर जाँचको नतीजा र स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीको प्रतिवेदनको आधारमा सुरक्षित खानेपानीयुक्त समुदायको संक्षिप्त विवरण, घोषणाको मिति, समय र स्थान समेत उल्लेख गरी घोषणाको पत्र तयार पारी वितरण गर्नुपर्दछ ।

(२) घोषणाको अवसरमा, सुरक्षित खानेपानीयुक्त समुदाय बनाउने कार्यमा योगदान दिनुहुने विभिन्न व्यक्ति, संघ\संस्थालाई सम्बोधन\सम्मान गरिनु पर्दछ ।

## परिच्छेद — ३

## खानेपानीयुक्त समुदायको अवधारणाको अनुगमन, लेखाजोखा र मूल्याङ्कन

१६. **अवधारणाको अनुगमनः** (१) सम्पुर्ण प्रकृया पुरा गरी घोषणा भएको सुरक्षित खानेपानीयुक्त समुदायको समुदाय तथा पालिका दुवैस्तरबाट नियमित अनुगमन गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा, खानेपानी गुणस्तरको स्वतन्त्र अनुगमन पहिलो वर्ष चौमासिक रुपमा, त्यसपछि दोश्रो वर्ष ६ महिनाको अन्तरालमा र त्यसपछि हरेक एक वर्षमा गर्ने,

(३) समुदायले हरेक महिना छरितो प्रविधि प्रयोग गरी खानेपानी सूक्ष्म–जैविक गुणस्तरको जाँच गर्ने,

(४) खानेपानी सुरक्षा योजना अनुसार नियन्त्रणका उपायहरु अपनाउने,

१७. **सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थीर भए नभएको लेखाजोखा तथा मूल्यांकन् गर्नुपर्नेः**

(१) स्वच्छ खानेपानीयुक्त समुदाय अनिवार्य रुपमा खुला दिसामुक्त समुदाय भएको हुनु पर्नेछ ।

(२) यो समुदायले सामुदायिकस्तरमा खानेपानी सुरक्षा योजना मार्फत खानेपानी स्वच्छ र सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु प्रयोग गरेको हुनु पर्नेछ।

(३) खुला दिसामुक्त घोषणा भएको समुदाय जस्तै सुरक्षित खानेपानीयुक्त समुदाय पनि स्वतन्त्र तवरले प्रमाणीकरण गरिएको हुनु पर्नेछ।

१८. **उपलब्धी मापन गर्नुपर्नेः** (१) उपलब्धीहरुलाई प्रतिफल र असरका तहमा मापन गर्नका लागि कार्यक्रम-अनुगमन र असर–सर्वेक्षण गरिनेछ।

(२) असर–सर्वेक्षण अन्तरगत आवश्यकता अनुसार प्रत्यक्ष अवलोकन, दस्तावेजहरुको प्रमाणीकरण वा पानीको गुणस्तर परीक्षण बाट मौजूदा अनुगमनलाई स्वतन्त्ररुपमा प्रमाणीकरण गरिनेछ।

(३) उपदफा (१) बमोजिमको असर-सर्वेक्षणका लागि छुट्टै मार्ग–निर्देशन प्रदान गरिनेछ ।

१९. **कार्यक्रम अनुगमन विधिहरुः** कार्यक्रमहरूको अनुगमन देहायका विधिवाट गर्न सकिनेछ।

**(१) अविच्छिन्न अनुगमनः**

(क) खानेपानी आयोजनाको हस्तान्तरण हुनुभन्दा पहिले खानेपानी गुणस्तरका राष्ट्रिय मापदण्ड अनुसार खानेपानी गुणस्तरका पारामितिहरुको परीक्षण गरिएको हुनु पर्नेछ।

(ख) खानेपानीको नमुना परीक्षण गर्दा इ. कोली, आर्सेनिक, धमिलोपन, फलाम र फ्लोराईड को सघनन् राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड बमोजिम हुनु पर्ने छ।

(ग) अन्य पारामितिहरुको हकमा पनि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड पूरा भएको हुनुपर्छ।

(घ) खानेपानी प्रणालीमा खानेपानी सुरक्षा योजना लागू गरी तगाराहरुको नियमित अनुगमन कार्य भए गरेको हुनु पर्नेछ।

**(२) बाह्य तहबाट गरिने प्रमाणीकरणः**

(क) समुदाय भन्दा बाहिरका जस्तै स्वास्थ्य संस्था, सरकारी निकाय, स्वतन्त्र निकाय (पत्रकार) , खासस्व (WASH) शाखा, गाउँपालिका, खानेपानी तथा सरसफाइविज्ञ र खानेपानी सरसफाइमा कार्यरत गैरसरकारी संस्था वा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको स्थानीय प्रतिनिधिको टोलीबाट स्वच्छ खानेपानीयुक्त समुदाय भनी प्रमाणीकरण भएको हुनु पर्नेछ।

(ख) यो टोली खुला दिसा मुक्त क्षेत्रको अनुगमन तथा प्रमाणीकरण गर्ने टोली वा त्यसमा खानेपानी सम्बन्धी विज्ञता भएका सदस्य सहितको टोली पनि हुन सक्नेछ।

(ग) स्वच्छ खानेपानीयुक्त समुदायको स्थिति कम्तीमा पनि १ वर्ष कायम रहेको प्रमाणीकरण वाह्य तहबाट हुनु पर्दछ।

(घ) यस्तो प्रमाणीकरण कार्यको लागि टोलीको संरचना, आधारहरु र  कार्यविधि आदि बारे राष्ट्रिय स्तरको अनुगमन तथा प्रमाणीकरण कार्यविधि वा कार्यक्रम-प्रमाणीकरणमा समावेस गर्न सकिनेछ ।

**(३) बाह्य बिज्ञबाट गराइने सामाजिक लेखा-परीक्षण (सोसल अडिट)**ः

(क) सुरक्षित खानेपानीयुक्त  समुदायको सामाजिक लेखा-परिक्षण (अडिट) गरिनु पर्छ।

(ख) खानेपानी सुरक्षा योजना प्रभावकारी भएका छन् भनी प्रमाणीकरण गरिनु पर्छ ।

(ग) बाह्य समुदाय र ब्यक्तिबाट खानेपानी आयोजनाको मुहान, धारा तथा घर तहको खानेपानीको गुणस्तर परीक्षण गरिनेछ ।

(घ) उपखण्ड (ग) बमोजिम गरिने परीक्षण (खानेपानीको गुणस्तर परीक्षण) तालिम प्राप्त प्राविधिकहरुबाट मात्र गराउन सम्भव हुने र खर्चिलो हुने भएकाले देहायका उपायहरु अवलम्बन गर्न सकिनेछः-

अ) नमुना छनौट गरी केही घरधुरीको मात्र परीक्षण गर्ने,

आ) नगर तथा वडा कार्यालयहरुमा खानेपानीको दीर्घकालीन सर्भिलेन्स (निगरानी) प्रणालीको स्थापना, उपकरणको ब्यवस्था तथा क्षमता विकास कार्यक्रमलाई थप अघि बढाउने,

इ) गुणस्तर परीक्षणका नतीजाहरु बारे समुदायलाई जानकारी दिने कार्यलाई दीगो रुपमा आनी बानी परिवर्तन गर्नका लागि ट्रिगरिंग औजारका रुपमा विकास गर्ने,

ई) यस प्रकारका परीक्षणहरु बर्षमा एक पटक वा विशेष अवस्थामा मात्र गर्ने ।

**२०. असर- सर्वेक्षण गर्नुपर्नेः** (१) नयाँ  निर्माण भएका वा पुनःर्निर्माण गरिएका  सबै खानेपानी प्रणालीका संरचनाहरुको अनिवार्य रुपमा असर- सर्वेक्षण  कार्यक्रम अन्तर्गत परीक्षण गरिनु पर्दछ।

(२) उपदफा (१) बमोजिम असर सर्वेक्षण गर्दा, स्वच्छ खानेपानीयुक्त समुदायका खानेपानीको नमुना पनि संकलन गरी परीक्षण गर्नु पर्नेछ।

(३) असर–सर्वेक्षणमा खानेपानीको नमुना संकलन गरी देहायका पारामितिहरूको मात्र परीक्षण गर्नुपर्नेछ ।

(क) इ. कोली,

(ख) आर्सेनिक (जोखिम भएका क्षेत्रमा),

(ग)फ्लोराइड (जोखिम भएका क्षेत्रमा),

(घ) नाईट्रेट,

(ङ)फलाम (जोखिम भएका क्षेत्रमा),

(च) धमिलोपना र

(छ) विद्युतीय संवाहकता वा कुल घुलित ठोस पदार्थ

(४) खानेपानी आयोजनाको हस्तान्तरण हुनु भन्दा पहिले खानेपानी गुणस्तरको राष्ट्रिय मापदण्ड अनुसारका अन्य पारामितिहरुको परिक्षण गरिएको हुनु पर्नेछ भने नतिजा सर्वेक्षणका अवसरमा उपलब्ध भएका दस्तावेजहरुको समीक्षाद्वारा यी थप पारामितिहरुको प्रमाणीकरण गरिने छ ।

(५) पाईप प्रणालीको हकमा भने पानी वितरण विन्दुमा क्लोरीन अवशेषको सघनन् राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले निर्धारण गरेको दायरा भित्र हुनु पर्नेछ ।

(६) असर–सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय हुनका लागि चाहिने देहायका न्यूनतम आधारहरुको परीक्षण गरिनेछः

(क) खुला दिसा मुक्त क्षेत्र तथा स्वच्छ खानेपानीयुक्त समुदायको नमुना छनौट

(ख) छनौट भएका समुदायबाट नमुना घरधुरीहरुको छनौट,

(ग) यसबाहेक खानेपानीको परीक्षण गर्नका लागि २० प्रतिशत घरधुरीहरुको छनौट

(घ) छनौट भएका घरधुरीहरुले इंगित गरेका खानेपानी सेवाको परीक्षण,

अनुसूची १

(दफा १३(१) संग सम्बन्धित)

## दुई पक्षीय सम्झौता–पत्र

खानेपानी आयोजना र प्रणालीको दीगोपना तथा नियमित संचालनको लागि गौमुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घट्मुना बाजुरा र ................. खानेपानी उपभोक्ता समिति बीच भएको

# दुई पक्षीय सम्झौता–पत्र

(Sustainability Compact)

गौमुल गाउँपालिका, गाउँ कार्यपालिकाको समन्वयमा युनिसेफ नेपालको सहयोगमा संचालित खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम अन्तर्गत गौमुल गाउँपालिका वडा नं. ....., .................. खानेपानी आयोजना\ प्रणालीमा ............ घरधुरीहरुमा एक घर एक धारा निर्माण कार्य सम्पन्न भई आयोजना\ प्रणालीको स्वामित्व ग्रहण, व्यवस्थापन र सञ्चालनको सम्पूर्ण जिम्मेवारी गौमुल गाउँपालिका....... नं. वडा कार्यालय मार्फत ............... खानेपानी तथा सरसफाई उपभोक्ता समिति\ सेवा प्रदायकमा रहने गरी हस्तान्तरण भई तपसिलमा उल्लेखित जिम्मेवारीहरु बहन गर्न दुवै पक्षहरुले मञ्जुर गरी प्रतिबद्ध रहेकोले गौमुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र ............. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति\ सेवा प्रदायक बीच यो दुई पक्षीय सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

यस सम्झौतापत्रमा सहमति जनाउने पक्षहरुको भूमिका र जिम्मेवारीहरुका साथै गतिविधि देहायका प्रकरणहरूमा तोकिएको छ जसबाट आयोजना\ प्रणालीबाट प्राप्त हुने सेवा सुविधाहरुलाई चालु राख्न र व्यवहार परिवर्तनलाई दीगो रुपमा सुनिश्चित हुनेछ।

**(क) स्थानीय उपभोक्ताहरुको जिम्मेवारीः**

(१) आ-आफ्नो घरको धाराको खानेपानी मिटर, धाराको टुटी, फिटिङस् सामग्रीहरु लगायत अन्य सामग्रीहरुको आवश्यकता अनुसार मर्मत सम्भार तथा नयाँ फेरवदल गर्ने ।

(२) घरधुरीबाट निस्कने कुहिने, नकुहिने फोहरमैला र फोहर पानीको उचित व्यवस्थापन गरी धारा लगायत घर वरिपरि नियमित सरसफाई गर्ने।

(३) धाराबाट खेर जाने फोहर पानीलाई करेसावारीमा प्रयोग गर्ने ।

(४) दिसा पिसाव शौचालयमा मात्र गर्ने, गराउने ।

(५) खानेपानी आयोजना\ प्रणालीबाट एक घर एक धारा जडान गर्दा प्रत्येक घरधुरीले रु १०००। (अक्षरेपी एक हजार) का दरले उपभोक्ता समिति\ सेवा प्रदायकलाई भुक्तानी गर्ने ।

(६) खानेपानी आयोजना\ प्रणाली मर्मत सम्भार कोषमा प्रत्येक घरधुरीबाट बार्षिक न्यूनतम रु.३००।–(अक्षरेपी तीन सय रूपैया) र निर्धारित खानेपानीको मासिक महसुल न्यूनतम ५ यूनिट सम्मको रु.४०।–(अक्षरेपी चालिस रूपैया) र थप यूनिटको न्यूनतम रु ५।–(अक्षरुपी पाँच) का दरले तोकिएको समयमा नै उपभोक्ता समितिको कार्यालयमा भुक्तानी गर्ने ।

(७) खानेपानी आयोजनार प्रणालीको मर्मत सम्भार तथा नयाँ संरचनाहरु निर्माण गर्नु पर्ने अवस्थामा समुदायको तर्फबाट गर्नुपर्ने श्रमदान उपलब्ध गराउने ।

**(ख) खानेपानी तथा सरसफाई उपभोक्ता समिति \ सेवा प्रदायकको जिम्मेवारीः**

(१) खानेपानी योजनाको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार, नयाँ निर्माण तथा फेरवदल, फिटिङस् सामग्रीहरु लगायत प्लम्बिङ्ग औजारहरु, पानीको गुणस्तर जाँच गर्ने आवश्यक सामग्री र रसायन तथा उपकरणहरुमा न्यूनतम रु. ५०,०००।–(अक्षरेपी पचास हजार) सम्मको बार्षिक लागत खर्च व्यहोर्ने ।

(२) पानीको गुणस्तर जाँच गर्ने आवश्यक सामग्री, रसायनिक पदार्थ तथा उपकरणबाट प्रत्येक महिना वा प्रत्येक ३ महिनामा आवश्यक जाँच गर्नुपर्ने परामितिहरु अनुसार मुहान देखि घरधुरीसम्मको पानीको गुणस्तर जाँच गरी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको सुनिश्चित गरी सोको रेकर्ड राखी समुदायमा सार्वजनिक गर्नुको साथै खानेपानी परीक्षणका नतिजाहरूको सारांश सहितको प्रतिवेदन ६\६ महिनामा वडा कार्यालय\गाउँपालिका कार्यालयमा पेश गर्ने ।

(३) प्रत्येक ६\६ महिनामा खानेपानी सुरक्षा योजना अध्यावधिक गर्ने, गराउने साथै सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुको साथै खानेपानी सुरक्षा योजनालाई कार्यान्वयन गर्ने, गराउने ।

(४) उपभोक्ताहरुबाट उठेको पानीको मासिक महसुलको रकम, मर्मतसम्भार कोषको रकम र अन्य हिसाव किताव चुस्त दुरुस्त राख्ने ।

(५) ग्रामीण मर्मतसम्भार कार्यकर्ता (VMW)को नियुक्ति अनिवार्य रुपमा गरी नीजलाई तोकिएको सेवा, सुविधा नियमित रुपमा समयमा नै प्रदान गर्दै उपभोक्ताहरुको प्रत्येक धारामा नियमित पानी आउने गरी खानेपानी योजना पूर्ण रुपमा चलायमान भएको सुनिश्चित गर्ने ।

(६) उपभोक्ता समिति\सेवा प्रदायकको बैठकहरु नियमित वस्ने, आवश्यकता अनुसार उपभोक्ताहरुको भेलाको आयोजना गर्ने र प्रत्येक आर्थिक बर्ष शुरु भएको ३ महिना भित्र सम्पूर्ण उपभोक्ताहरुको भेला गरी कार्य प्रगति र आम्दानी-खर्चको हिसाब

सार्वजनिक गरी नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरीक्षकबाट प्रणालीको लेखापरीक्षण गरी सम्बन्धित नियामक निकायमा पेश गर्ने ।

(७) घरधुरी तथा समुदायले गरिरहेको सरसफाइ तथा स्वच्छता प्रवर्धनको अनुगमन गरी दैनिक नियमित रुपमा भइरहेको सुनिश्चित गर्ने ।

(८) आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालय, गाउँपालिकासँग समन्वय गर्ने ।

(९) गाउँपालिका कार्यालय र सम्बन्धित वडा कार्यालयले दिएको सल्लाह, सुझाव र निर्देशनहरुलाई कार्यान्वयन गर्ने, गराउने ।

(१०) नेपाल सरकार/गाउँपालिका कार्यालयले खानेपानी, सरसफाई तथा स्वच्छता प्रवद्र्धन सम्बन्धी तय गरेको कानुन तथा नीति नियमहरुलाई आफ्नो खानेपानी प्रणालीमा कार्यान्वयन गर्ने, गराउने ।

**(ग) वडा कार्यालयको जिम्मेवारीः**

(१) योजनाको नियमित रुपमा स्थलगत अनुगमन गरी आवश्यकता अनुसार उपभोक्ता समिति\सेवा प्रदायकलाई सुझाव, सल्लाह र निर्देशन दिने ।

(२) खानेपानी तथा सरसफाइ उपझोक्ता समिति\ सेवा प्रदायकको नियमित बैठक र बार्षिक रुपमा आम उपभोक्ताहरुको भेला संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(३) खानेपानी तथा सरसफाइ उपझोक्ता समिति\सेवा प्रदायकको लेखा ब्यवस्थापन तथा पारदर्शिता कायम गर्न आवश्यक सहजीकरण गर्ने ।

(४) खानेपानी प्रणालीको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार तथा नयाँ निर्माण आदिमा रु.५०,०००।-(अक्षरेपी पचास हजार) भन्दा माथि लागत लाग्ने भएमा बजेट व्यवस्थापनका लागि आवश्यक सहयोगका गर्न गाउँपालिका वा अन्य निकायहरुमा समन्वय तथा सिफारिस गर्ने ।

(५) कुनै विपद्का कारणले प्रणालीको पाईपलाईन तथा संरचनाहरुको पूर्ण क्षति भएमा अथवा प्रणाली दीगो रुपमा संचालन गर्न, गराउनको लागि गाउँपालिका वा अन्य निकायहरुमा समन्वय तथा सिफारिस गर्ने ।

(६) उपझोक्ता समिति\ सेवा प्रदायकका पदाधिकारीहरुको क्षमता विकासका लागि गाउँपालिका तथा अन्य निकायहरुसंग समन्वय तथा सिफारिस गर्ने।

**(घ) गाउँपालिकाको जिम्मेवारीः**

(१) खानेपानी प्रणालीको नियमित रुपमा स्थलगत अनुगमन गरी आवश्यकता अनुसार उपभोक्ता समितिलाई सुझाव, सल्लाह र निर्देशन दिने।

(२) खानेपानी प्रणालीको चौमासिक रुपमा खानेपानीको परीक्षण गरी नतीजा बारे उपभोक्ताहरुलाई जानकारी गराउने र गुणस्तर सुधारका लागि सहयोग तथा सहजीकरण गर्ने।

(३) खानेपानी प्रणालीको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार, सुधार विस्तार र नयाँ निर्माण आदिमा रु.५०,०००।–(अक्षरेपी पचास हजार) भन्दा माथि बार्षिक लागत लाग्ने भएमा बजेटको व्यवस्थापन गरी सुधार गर्न सहयोग गर्ने ।

(४) कुनै विपद्का कारणले प्रणालीको पाईपलाईन तथा संरचनाहरु पूर्ण क्षति भएमा अथवा प्रणाली दिगो रुपमा संचालन गर्न, गराउनको लागि गाउँपालिकाबाट वा अन्य सरकारी तथा विकास साझेदार निकायहरुसँग समन्वय गरी बजेटको ब्यवस्था गर्ने र सोको मर्मत सुधार तथा निर्माण कार्यमा आवश्यक आर्थिक र प्राविधिक सहयोग प्रदान गर्ने ।

(५) नेपाल सरकार\ गाउँपालिका कार्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवद्र्धन सम्बन्धी तय गरेको कानुन तथा नीति नियमहरुको बारेमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति÷सेवा प्रदायकलाई जानकारी प्रदान गर्ने ।

उपरोक्तानुसारको ब्यहोरा पढी, सुनी, बुझि सो अनुसार गर्न, गराउन मञ्जूर गरी तपसिल बमोजिमका साक्षीको रोहबरमा सही गर्नेः

| | |
|---|---|
| खानेपानी तथा सरसफाई उपभोक्ता समिति\ सेवा प्रदायकको तर्फबाटः | गौमुल गाउँपालिकाको तर्फबाटः |
| दस्तखतः<br>नामः<br>पदः<br>मितिः | दस्तखतः<br>नामः<br>पदः<br>मितिः |
| गौमुल गाउँपालिका वडा नंका वडा ....... . अध्यक्षको तर्फबाटः | साक्षी साझेदार संस्थाको तर्फबाट (२) |
| दस्तखतः<br>नामः<br>पदः बडा अध्यक्ष<br>मितिः | दस्तखतः<br>नामः<br>पदः<br>मितिः |

अनुसूची २  खानेपानी तथा सरसफाई उपभोक्ता समितिको प्रतिवेदन

अनुसुची ३ वडा कार्यालयबाट पालिकालाई पठाउने पत्र

## अनुसूची ४: गाउँपालिका स्तरीय अनुगमन टोलीको संरचना तथा बैठक नमुना

आज मिति २०८१।१०।२१ रोजका दिन यस गा.पा. वडा नं ८ स्याउत खोपीखेल्ने खानेपानी आयोजनाको तेस्रो पक्ष अनुगमनमा गा.पा. को उपाध्यक्ष श्री चन्द्रकला शर्मा को संयोजकत्वमा गठित तिन सदस्य अनुगमन समिति बाट गरियो।

उपस्थिति

१ श्री चन्द्रकला शर्मा — संयोजक
२ श्री भुपेन्द्र के.सी. — सदस्य
३ श्री सन्तोस बुढा — सदस्य

आमन्त्रीत

१. श्री दिपा चन्द मल्ल — वडा नं.८ सदस्य
२. खा.पा. अध्यक्ष श्री जन बहादुर मल्ल
३. श्री आशिष सापकोटा — WSP focal Person, Civic forum
४. श्री प्रतिभा ठकुरी — Knowledge management & documentation officer
५. श्री बादल बली — WSP and WSC mobiliser, Civic forum
६. श्री सिराज्म रावत — गा.पा. ह.स


प्रस्ताव नं.१:- तेस्रो पक्ष अनुगमन/पानी परिक्षण सम्बन्धमा

निर्णय नं.१:-

प्रस्ताव नं.१ माथी छलफल गर्दा यस सिम्ता गा.पा. वडा नं.८, खोपीखेल्ने सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्नका लागि खानेपानी उ.स र ८ नं वडा कार्यालयले पानी परिक्षण गरि पेश गरेको रिपोर्टमा खानेपानी सुरक्षित देखिएकोले र पालिकामा पेश गरेकोले पालिका स्तर बाट ट्याङ्की, मुहान र २ वटा धारा बाट पानीको नमुना लिइ तेस्रो पक्ष अनुगमन र परिक्षण गर्ने निर्णय गरियो।

# अनुसूची ५: स्वतन्त्र अनुगमन टोलीको प्रतिवेदनको नमुना तथा निर्णय

आज्ञाले,
जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत



आज मिति २०७३/१०/१६ गते ... गा पा का उपाध्यक्ष तथा अनुगमन समितिको संयोजक श्री चन्द्रकला शाही ज्यूको संयोजकत्वमा बैठक बसी तपसिलको उपस्थितिमा तपसिलका निर्णय गरियो

उपस्थिति

१. श्री चन्द्रकला शाही - संयोजक
२. श्री भुपेन्द्र के.सी. - सदस्य
३. श्री सन्तोष बुढा - ,,

आमन्त्रित

श्री कविन्द्र कुमार के.सी. गा पा अध्यक्ष
२. श्री जनक बहादुर मल्ल प्रमुख प्रशासकीय अधिकृत
३. श्री ... पोखरेल सब इन्जिनियर
... श्री आशिष सापकोटा सिविक फोरम
... श्री प्रतिभा बुढा ,,
... श्री ... ,,
१०. श्री दिपा रावल वडा अध्यक्ष ४-


प्रस्तावहरु

१. पानीको नतिजा सम्बन्धमा
२. विविध सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सिम्ता गा पा वडा नं ४- सिम्तागाँउ खानेपानी आयोजनाको विभिन्न स्थानबाट पानीको नमुना संकलन गरी पानी परिक्षण गर्दा निम्न अनुसारको नतिजा देखिएको।

नतिजा

| क्र सं | पानीको नमुना स्थान | नतिजा (cfu/100ml) | रा.खा.गु. मापदण्ड (cfu/100ml) |
|---|---|---|---|
| १, | मुहान | 0 | 0 |
| २, | टेन्की | 0 | 0 |
| ३, | बिर्ख महतारा धारा | 0 | 0 |
| ४ | लोक ब महतारा | 0 | 0 |
| ५ | जयसरा बुढा (भण्डारण) | 0 | 0 |
| | F.R.C जाँच गरिएको स्थान / नतिजा mg/L | | ,, ,, ,, mg/L |
| १, | टेन्की | 0.2 | 0.1-0.2 |
| २, | लोक ब महतारा धारा | 0.2 | 0.1-0.2 |



प्रस्ताव नं २ माथि छलफल गर्दा यस गा पा वडा नं ... खोपिखेल्ने खानेपानी आयोजनाको विभिन्न स्थानबाट पानी परिक्षणको नतिजा हेर्दा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड भित्र रहेको देखिँदा ... खानेपानी आयोजनालाई सुरक्षित खानेपानी युक्त ... घोषणा गर्न उपयुक्त देखिएको निर्णय गरियो।


अनुसुची

सिम्ता गाउँपालिका कि उपाध्यक्ष श्री चन्द्रकला शाही खोपिखेल्ने खानेपानी आयोजनाको ट्यान्की अनुगमन गर्नुहुँदै, साथमा सिम्ता गाउँपालिक. वडा न ८ कि वडा सदस्य श्री दिपा मल्ल

सिम्ता गाउँपालिका कि उपाध्यक्ष श्री चन्द्रकला शाही , साथमा अन्य अनुगमन टोली खोपिखेल्ने खानेपानी आयोजनाको धारा अनुगमन गर्नुहुँदै

सिम्ता गाउँपालिका का WASH Focal person तथा अनुगमन समितिका सदस्य श्री भुपेन्द्र के सी, तेस्रो पक्षिय खानेपनी परिक्षणका लागी धारा बाट पानीको नमुना लिनुहुँदै

सिम्ता गाउँपालिका का WASH Focal person तथा अनुगमन समितिका सदस्य श्री भुपेन्द्र के सी, तेस्रो पक्षिय खानेपनी परिक्षण गर्नुहुँदै, साथमा सिविक फोरमका WSP Focsal Person श्री आशिस सापकोटा



मुहानबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

ट्यान्कीबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

श्री हस्त चन्दको धाराबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

श्री सृजना चन्दको धाराबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)



सिम्ता गाउँपालिका WASH Focal Person तथा अनुगमन समितिका सदस्य श्री भुपेन्द्र के सी MICS kit बाट पानीको परीक्षण गर्नुहुँदै

जयसरा बुढाको भण्डारण गरी राखिएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

बिर्ख महताराको घरको धाराको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

आज्ञाले,
जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत